पञ्ञा नरानं रतन

परियत्ति बुलेटीन PARIYATTI BULLETIN

नेपाल बौद्ध परियत्ति शिक्षा
स्वर्ण महोत्सव वर्ष

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अंक-१४ | बु.सं. २५५७ | बि.सं. २०७० चैत्र २९ गते | ने.सं. ११३४ | ई.सं. २०१४

# नेपाल बौद्ध परियत्ति शिक्षाको यात्रा : स्थापनादेखि स्वर्ण महोत्सव

✍ मोनिस वज्राचार्य, सद्धम्म कोविद

वि.सं. २०२० मा शुरु भई पाँच दशकसम्म निरन्तर सञ्चालन भएको नेपाल बौद्ध परियत्ति शिक्षाले यही वि.सं. २०७० चैत्र २९ गते ५१ औं दीक्षान्त समारोह सञ्चालन गर्दैछ। ५० वर्षको यस यात्रामा परियत्ति शिक्षाले थुप्रै आरोह अवरोहहरू पार गरी १०० जना भन्दा बढी सद्धम्म कोविदहरू र ३७५ भन्दा बढी सद्धम्म पालकहरू उत्पादन गरेको छ।

नेपालका प्रथम संघनायक भिक्षु प्रज्ञानन्द महास्थविर भन्तेको प्रेरणामा भिक्षु बुद्धघोष महास्थविर सुगतपुर विहार त्रिशुलीमा वर्षावास बस्न जाने क्रममा २०१९ सालमा त्रिशुलीका सुगत बौद्ध मण्डलका सदस्यहरूले नेपालमा कक्षागत रुपमा व्यवस्थित ढंगले बुद्ध धर्मको अध्ययन, अध्यापन गर्ने व्यवस्था गरिदिनु पऱ्यो भनि आग्रह गरेका थिए। अनागारिका सुशीला गुरुमाँ र उपासक धर्मरत्न शाक्य त्रिशुलीको नेतृत्वमा त्रिशुलीवासीहरूले गरेको उक्त आग्रहलाई हर्षका साथ स्वीकार गरी उहाँ भन्तेले दुई वर्ष भित्र परीक्षा दिने गरी पाँच कक्षा सम्मको पाठ्यक्रम बनाई सर्वप्रथम बौद्ध परियत्ति शिक्षाको शुरुवात गर्नुभयो।

सुगतपुर विहार त्रिशुलीमा सफलतापूर्वक सञ्चालन भईसकेपछि यसलाई देशभर विस्तार गरी थप विकास गर्न भिक्षु बुद्धघोष, उपासक धर्मरत्न शाक्य लगायतले अखिल नेपाल भिक्षु महासंघलाई निवेदन लेख्नुभयो। सो निवेदनलाई अखिल नेपाल भिक्षु महासंघको २०२० वैशाख ५ गते बसेको नवौं बैठकले अनुमोदन गरी "नेपाल बौद्ध परियत्ति शिक्षा" नामाकरण गरी संघनायक भिक्षु प्रज्ञानन्द महास्थविरको ६४ औं शुभजन्मोत्सवको उपलक्ष्यमा उद्घाटन गरी देशभर सञ्चालन गर्ने निर्णय गरियो।

नेपाल बौद्ध परियत्ति शिक्षाको प्रथम परीक्षा २०२० आश्विन २८ गते सम्पन्न भएको थियो। नुवाकोटको सुगतपुर विहार, काठमाडौंका प्रणीधिपूर्ण विहार, गण महाविहार, आनन्द कुटी विद्यापीठ, ललितपुरको शाक्यसिंह विहार, श्री सुमंगल विहार, भोजपुरको शाक्यमुनि विहार, र पाल्पाको आनन्द विहार गरी ८ वटा परियत्ति केन्द्रमा भएको उक्त परीक्षामा १५८ विद्यार्थीहरू उत्तीर्ण भएका थिए। आशातित परिणाम आएपछि शुरुमा पाँच श्रेणी (पाँच कक्षा) सम्मको मात्र पाठ्यक्रम बनाइएकोमा त्यही वर्षको फाल्गुन महिनामा सातौं तह अर्थात सद्धम्म पालक सम्म विस्तार गर्ने निर्णय गरियो। उपलब्ध पाठ्य पुस्तकहरूलाई आधार लिई नयाँ पाठ्यक्रम बनाई प्रत्येक वर्ष कोविदको नयाँ तह वृद्धि गरी २०२३ फाल्गुन १ गते सद्धम्म कोविद अन्तिम वर्ष सम्म विस्तार गरियो। यसरी स्थापनाको ५ वर्ष भित्र नै नेपाल बौद्ध परियत्ति शिक्षाको १० वर्षे पाठ्यक्रमको तर्जुमा भयो। समय र परिस्थितिको माग अनुरुप उक्त पाठ्यक्रम पटक पटक परिवर्तन एवं परिमार्जन पनि गरियो।

पाठ्यक्रम संगसंगै परियत्ति शिक्षालाई व्याप्त र विस्तारित गर्न एक सक्षम संस्थागत बनोटको आवश्यकता महशुस भएको थियो। २०२० सालको प्रथम परीक्षामा तात्कालीन श्रामणेर सुदर्शनलाई परीक्षाको सम्पूर्ण जिम्मेवारी दिइएको थियो भने भिक्षु महासंघका पदाधिकारीहरूले परीक्षा नियन्त्रकको रुपमा पदभार ग्रहण गरेका थिए। त्यस पछिका वर्षहरूमा केन्द्रिय परीक्षा नियन्त्रक र परीक्षा बोर्डको व्यवस्था गरियो। प्रथम केन्द्रिय परीक्षा नियन्त्रकको रुपमा भिक्षु बुद्धघोष महास्थविर स्वयंले नै जिम्मेवारी निर्वाह गर्नुभयो। त्यसैगरी २०३८ सालमा भिक्षु मैत्रीको अगुवाईमा परियत्ति शिक्षालाई सहयोगार्थ नेपाल बौद्ध परियत्ति सहयोग समितिको गठन भयो। यही समितिको कार्यकुशलताको प्रभाव स्वरुप २०४२ सालमा नेपाल बौद्ध परियत्ति समितिको गठन गरियो। उक्त समितिले निर्देशक, शिक्षाध्यक्ष, विभिन्न उपसमिति, केन्द्रिय परीक्षा नियन्त्रक, समन्वय सचिव लगायतको पदहरू सिर्जना गरी चारै परिषद्का व्यक्तिहरूलाई परियत्ति शिक्षाको विस्तार एवं विकासमा परिचालित गऱ्यो। यस संरचनालाई अखिल नेपाल भिक्षु महासंघबाट २०५८ मा ल्याएको "नेपाल बौद्ध परियत्ति शिक्षा नियमावली"ले व्यापक फेरबदल गऱ्यो। नियमावलीले अखिल नेपाल भिक्षु महासंघ अन्तर्गत रहने ५ सदस्यीय नेपाल बौद्ध परियत्ति शिक्षा मूल समिति र त्यस मूल समितिप्रति उत्तरदायी हुने गरी सम्पूर्ण कार्यसम्पादन गर्ने १५ सदस्यीय नेपाल बौद्ध परियत्ति शिक्षा परिषद् गरी दुई तहको संरचना निर्धारण गऱ्यो। त्यसैगरी परियत्तिप्रेमीहरूको लागि परियत्ति सभाको गठन गरी दान दातव्यहरू संकलनका लागि परियत्ति कोषको पनि स्थापना गऱ्यो। शिक्षा परिषद्ले आवश्यकता अनुसार विभिन्न उपसमितिहरू निर्माण गरी कार्यक्षेत्र तोक्न सक्ने व्यवस्था पनि त्यस नियमावलीले गरेको छ। २०७० वैशाख २ गते भएको नियमावलीको दोश्रो संसोधनले परियत्ति शिक्षालाई कोविद अन्तिम वर्ष पछि दुई वर्षको अनुसन्धानात्मक अध्ययन कार्यक्रम थप गरी कोविद विशारद नाम दिने निर्णय पनि गरेको छ।



वर्तमानमा नेपाल बौद्ध परियत्ति शिक्षा परिषद् अन्तर्गत ६ उपसमितिहरू रहेका छन् :

- पाठ्यपुस्तक व्यवस्थापन उपसमिति
- परीक्षा उपसमिति
- दीक्षान्त समारोह उपसमिति
- शिक्षक शिक्षिका शिक्षण उपसमिति
- अनुसन्धान उपसमिति
- व्यवस्थापन उपसमिति

नेपाल बौद्ध परियत्ति शिक्षाले आफ्नो स्थापनाको २५ वर्ष अर्थात् रजत महोत्सव

बाँकी पृष्ठ ४ मा

निर्देशक
**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
अग्गमहापण्डित, शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
सह-शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा

सम्पादन मण्डल
**भिक्षु बोधिज्ञान**
केन्द्रिय परीक्षा नियन्त्रक
**भिक्षु जनक**
**त्रिरत्न मानन्धर**
**मोनिस बज्राचार्य**

कम्प्युटर सेटिङ्
**विनोद महर्जन**

प्रकाशन
**नेपाल बौद्ध परियत्ति शिक्षा**
**दिक्षान्त समारोह समिति**

मुद्रणः
**आइडियल प्रिन्टिङ्ग प्रेस**
फोनः ५००७५६३ (ग्वार्को), २१२०२३५ (पुल्चोक)

**यस परियत्ति बुलेटिन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
मोबाईल नं : ९८४१३७७५२९
P.O. Box: 8973 NPC 327
E-mail: pariyatti2556@gmail.com
Web: https://sites.google.com/site/pariyattinepal
www.facebook.com /nepalbauddhapariyattishiksha

सम्पादकीय

# नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण महोत्सव

नेपाल बौद्ध परियत्ति स्थापना भएको ५० वर्ष पूरा हुँदैछ । ५०औं बर्षको उपलक्ष्यमा वर्षभरि नै विविध कार्यकमहरूको आयोजना गरी मनाउन गठित नेपाल बौद्ध परियत्ति स्वर्ण महोत्सव समारोह समिति अन्तर्गतका उपसमितिहरूले विभिन्न कार्यकमहरू गर्दै मूल समारोह समितिबाट अव अन्तिम कार्यकम गर्ने तिर अग्रसर रहेको अवस्था छ । यसलाई औपचारिकता निभाएको जस्तो मात्र नगरी अब परियत्तिलाई अझ गतिशिल र समयसापेक्ष गर्न तिर जिम्मेवारीका साथ लाग्न सकेमा स्वर्ण महोत्सवको सार्थकता रहने छ । विभिन्न कार्यकम तथा गोष्ठीहरूले यसको विकासको लागि गर्नुपर्ने जुन महत्वपूर्ण विचारहरू प्रकट भएका र निर्णय गरेका छन्, ती कुराहरूलाई कार्यान्वयनको दिशामा अग्रसर गराउनु महत्वपूर्ण हुन आउँछ ।

नेपालको पहिलो बौद्ध शिक्षण संस्था परियत्तिलाई नियालेर हेर्दा यसबाट नेपालका बौद्धहरू मात्र होईन गैरबौद्धहरूलाई लाभान्वित भएको पाउँछौं । यस शिक्षाको व्यवस्था संगै जोसुकैले पनि बुद्धको शिक्षाको बारेमा अध्ययन गर्न मौका प्राप्त गरेको छ । यस हिसावले बुद्धको शिक्षालाई सिद्धान्ततःमात्र नभई व्यवहारमा पनि सार्वजनीन शिक्षाको रुपमा प्रस्तुत गर्न परियत्तिले महत्वपूर्ण भूमिका खेलेको छ । नेपालमा विभिन्न बौद्ध गतिविधिहरू हुनुमा परियत्ति शिक्षाको प्रत्यक्ष र अप्रत्यक्ष हात रहेको छ भन्नु अत्युक्ति हुनेछैन । बौद्धजागरण कार्यकमहरू, हाजिरीजवाफ, निवन्ध प्रतियोगिता आदि अतिरिक्त कार्यकलापहरू, बौद्ध,पत्रपत्रिका तथा पुस्तकहरू प्रकाशित हुनु, बौद्ध संस्थाहरूको विकास हुनु, सरकारीस्तरबाट बुद्धशिक्षालाई प्रर्बद्धन गर्न पाइला चाल्नु, बौद्ध शिक्षामा उच्च अध्ययन तथा विश्वविद्यालय स्थापना हुनु आदिमा परियत्तिको महत्वपूर्ण भूमिका रहेको छ ।

आज आएर परियत्ति शिक्षालाई सरकारी मान्यता दिलाउने तथा यसलाई लुम्बिनि बौद्ध विश्वविद्यालयको मोनास्टिक शिक्षाको विधा अन्तर्गतसम्म सम्वन्धन गराई एम.ए. सम्मको अध्यापन गराउने प्रयास भैरहेको छ । परियत्तिलाई औपचारीक शिक्षासँग सम्वन्धन गर्ने यो एक महत्वपूर्ण कार्य हुन सक्दछ । यसलाई कार्यान्वयन गर्नको लागि लुम्बिनी बौद्ध विश्वविद्यालयका पदाधिकारीहरूलाई घचघच्याउने, आवश्यक कदमहरू चाल्ने काम परियत्तिको काँधमा आएको छ ।

कुनैपनि संस्था पचास वर्षसम्म निरन्तर रुपमा संचालन हुनु त्यो पनि कुनै सरकारी तथा गैर सरकारी संस्थाको सहयोग विना मात्र जनस्तरबाट हुनु आफैमा आश्चर्यको विषय रहेको छ । बुद्धधर्मप्रतिको अटल श्रद्धास्वरुप नै यो शिक्षा यति धेरै समयसम्म निरन्तरता पाउन सफल भएको हो । तर यसलाई मात्र निरन्तरता दिनु अबको समय सन्दर्भमा अपर्याप्त महसुस भैरहेको छ । यसलाई समयानुसार अझ परिमार्जित गरिलानु आवश्यक भएको धेरैले महशुस गरिहेका छन् । समयसापेक्ष अनुसार यसलाई ढाल्नको लागि के के अवसरहरू छन र के कस्ता चुनौतीहरू छन् भन्ने कुरालाई नियालेर यसका सबल पक्षहरू र निर्वल पक्षहरूको विश्लेषणबाट अबका दिनहरूमा कसरी अगाडी बढ्ने भन्ने कुरालाई स्पष्ट गर्नु आवश्यक छ ।

विशेष रूपले शिक्षाको क्षेत्र व्यापक भैरहेको अवस्था र औपचारीक शिक्षामा आईरहेको खुल्लापन र लचकताको अवस्थालाई महत्वपूर्ण अवसरको रुपमा लिनुपर्दछ । यसको विद्यमान स्वरुपलाई निरन्तरता दिनुको साथै यसमा अन्तर्निहित पाठ्यसामाग्रीलाई औपचारिक शिक्षाका पाठ्यकमहरूमा पनि समावेश गरेर बुद्धको शिक्षालाई जनमानसमा फैलाउने प्रयास आवश्यक भैरहेको छ । स्कुलका प्राथमिक, माध्यमिक तहका पुस्तकहरूमा बुद्धको शिक्षालाई समावेश गरेर बालबालिकाहरूको कोमल ह्रदयलाई बुद्धको मैत्री र करुणाले सिन्चित गर्नु सामयिक भेसकेको छ भने दश जोड दुईको पाठ्यपुस्तकहरूमा बुद्धशिक्षाको अभाव खत्किरहेको छ । यसको लागि नेपाल बौद्ध परियत्ति नै अग्रसर भई आवश्यक पाठ्यकमसहित सम्वन्धित ठाउँमा पुग्नु आवश्यक छ । यसले परियत्तिको दायरा बढाउन मद्धत गर्नेछ ।

हुनत परियत्तिको विषयवस्तु भन्नाले अध्ययन अध्यापनसंग मात्र सम्बन्ध रहेको हुन्छ । समय परिस्थितिले आजकाल बालमनोविज्ञानमा ठुलो ह्रास भई विभिन्न कुलतमा लाग्ने प्रवृत्ति बढिरहेकोलाई रोक्न परियतिको शिक्षा संगसंगै बालकहरूको मानसिक विकास हुने ध्यानभावना आदि प्रतिपत्ति पनि संग संगै जोड्दा अझ यसको महत्व निखार्ने भएकोले परियत्ति संगसंगै प्रतिपत्तिको अभ्यास पनि लान सकेमा अझ यसको महत्व बढ्ने निश्चित छ । प्रतिपत्तिको अभ्यासलाई संगसंगै जोडेर लाँदा मात्र प्रत्यक्ष फल प्राप्त गर्न सकिने कुरा सबैले महसुस गरिरहेको अवस्थामा यसलाई संगसंगै लान सकिएमा परियत्ति अझ प्रभावकारी हुनेमा दुईमत हुनेछैन । यसबाट समग्र बाल बालिकाहरूको बौद्धिक तथा मानसिक विकास गर्न सक्ने र परियत्ति शिक्षालाई अझ बढी जनसमुदायले स्विकार्ने वातावरण तयार हुने छ ।

विभिन्न समस्या तथा अवसरहरूलाई केलाउँदै परियत्तिले अबको बाटो समाउनु आवश्यक छ । यसको लागि परियत्तिको जनशक्तिलाई सही रुपमा परिचालन गर्नु आवश्यक छ । परियत्तिको कार्य स्वयंसेवीको रुपमा गर्नुपर्ने भएकोले यसमा लाग्नेहरू एकातिर जनसक्तिको अभाव महसूस गरिरहेको हुन्छन् भने उचित अवसर नदिएको र एक व्यक्तिको मात्र हालिमुहालि भएको भनेर असन्तुष्टिका केही स्वरहरू पनि सुन्नमा आईरहेका छन् । यस्ता स्वरहरूको वास्तविकतालाई पनि बुझेर समयमा सम्बोधन गर्नु आवश्यक छ । मूल रुपमा परियत्तिको समग्र विकास गर्न धर्मप्रति श्रद्धा राख्नेहरूको सामुहिक प्रयास आवश्यक पर्दछ । सबै एक ढिक्का भएर लागेमा परियत्तिको विकास सहज हुने कुरालाई बिर्सनु हुँदैन । यसकारण हाल संलग्न भिक्षु अनागारिकाहरूसहित नेपाल बौद्ध परियत्तिका प्रशिक्षित विद्यार्थीहरू, शिक्षकहरू, परियत्तिप्रति श्रद्धावानहरू तथा सुभेच्छुकहरूलाई उचित रुपले परिचालन गरेर उनीहरूको क्षमताअनुसार कार्यविभाजन तथा अधिकार प्रत्यायोजन गरेर एउटा राम्रो समयसापेक्ष र समावेशी संगठन बनाउने जुन कुरा आईरहेको छ त्यसलाई पनि सम्बोधन गर्ने हिसाबले जान सकेमा यसमा देखापरेका समस्याहरूलाई न्युन गर्न सक्ने र अवसरहरूलाई सदुपयोग गरी नेपालमा बुद्धशासन अभिवृद्धि गर्न सहज हुने कुरामा कुनै शंका रहँदैन ।

परियत्ति
बुलेटीन PARIYATTI BULLETIN

# पालि भाषाको कक्षा सञ्चालन भए सुनमा सुगन्ध नै हुने थियो

## अन्तवार्ता

**काठमाडौंको सोह्रखुट्टेमा वि.सं. २०४७ मा जन्मनु भएका अनागारिका वण्णवती (भवानी सिंह) ले बु.सं. २५५७ मा संचालित परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम ल्याउन सफल हुनुभएको छ । धर्मकीर्ति विहारमा बसोबास गर्नुहुने उहाँले त्रिभुवन विश्वविद्यालय स्थित बुद्ध धर्म तथा सामाजिक शास्त्रमा स्नातक गर्नुभएको छ । उहाँसँग भिक्षु जनकले गर्नुभएको संवादको केही अंश –**

**१) परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम हुनुभएको छ , कस्तो लागिरहेको छ त तपाईलाई ?**

परियत्ति सद्धम्म कोविदमा बोर्ड प्रथम भएकोमा एकदम खुशी र गौरवको अनुभूति भैरहेको छ , जुन १० वर्षको मेहनत, लगन र परिश्रम बल्ल आज सफल भएको छ भन्ने विश्वास जागेको छ । त्यस्तै गरी एउटा दृढ संकल्प नै थियो कि जस्तोसुकै समस्या आएता पनि कोविद परीक्षा उत्तीर्ण गरी छोड्ने भन्ने जुन आज पूरा भएको छ ।

परियत्ति शिक्षा प्रतिस्पर्धात्मक शिक्षा होइन तैपनि बुद्ध शिक्षाको महत्त्व बुझेमा धेरैजसो साना देखि ठूला बुढापाकाहरू पनि यस शिक्षा हासिल गर्न लागिपरेका देखिन्छन् । नैतिकता र व्यवहारिक शिक्षाले भरिएको यो शिक्षा व्यक्ति, समाज र राष्ट्रको लागि नै अति आवश्यक शिक्षा हो र आज यस्तो शिक्षा हासिल गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महसुस गरेकी छु ।

**२) तपाईको सफलताको कारणहरू ?**

मेरो सफलताको कारण मेरो आमाबुवा हुनुहुन्छ । त्यस्तै गरी अन्य विभिन्न व्यक्तिहरूको सहयोगले म आज यस ठाउँमा पुग्न सफल भएकी हुँ ।

आज मेरो बुबा यो संसारमा हुनुहुन्न तर पनि उहाँले गरेर म विहारमा गएर परियत्ति शिक्षा हासिल गर्न सफल भएकी हुँ । मलाई अहिले नि झलझल याद आउँछ कि बुवाले परियत्ति पढ्न जाने समय भयो कि "छिटो जाऊ पढ्न" भनेर भन्नुहुन्थ्यो । यसरी घरबाट नै बुबाको प्रेरणा त्यस्तै गरी विहारमा आएर म प्रव्रजित भएँ र धम्मवती गुरुमाँबाट पनि जीवनमा परियत्ति, प्रतिपत्तिको जुन महत्वलाई बताउनुहुन्थ्यो, त्यसबाट पनि मलाई परियत्ति पढ्ने हौसला जागेको थियो । यही कारणले पनि म यस परिक्षामा सफल हुन सकेकी छु ।

**३) बौद्ध परियत्ति शिक्षाले तपाईको भविष्य निर्माणमा अनि जीवनमा कस्तो प्रभाव पारेको छ ?**

बौद्ध परियत्ति शिक्षाले मेरो जीवनमा सकारात्मक प्रभाव पारेको छ, यो शिक्षाले जस्तोसुकै कठिन परिस्थितिमा पनि निडर भई धैर्यवान् भई लड्न क्षमता बढाउने र आफूमा एक प्रकारको भित्री आत्मबल प्रदान गरेको छ, जुन अन्य शिक्षाले भन्दा फरक आत्मसन्तुष्टि अर्थात् मानसिक सुख प्रदान गरेको छ । परियत्ति शिक्षा व्यवहारिक शिक्षा हो । त्यसैले परियत्ति शिक्षालाई व्यवहारमा उत्तार्नु सकेमा मात्र यसले आत्मसन्तुष्टि प्रदान गर्दछ । सकारात्मक विचारको विकास, धैर्यता, आत्मविश्वासको विकास जस्ता कुराहरू यस शिक्षा अध्ययनको सबल पक्ष हो ।

यसै सन्दर्भमा यो शिक्षा अध्ययन गर्दै रहँदाको क्रममा घटेको घटना एउटा यहाँ प्रस्तुत गर्न सान्दर्भिक देख्छु ।

कोविद प्रथम वर्षको परीक्षा नजिक आइरहेको थियो बुवाको प्रेरणाले म आज यो ठाउँमा पुगें संयोग पनि कस्तो त्यही बेला बुबा बिरामी हुनुभयो । बिरामी पनि अन्तिम अवस्थामा पुगेको थियो । मलाई अहिले पनि याद छ कि डाक्टरले बुबा अब धेरै बाँच्नुहुन्न भनी सिर्फ एक हप्ता मात्र बाँच्ने र केही समय मात्र यो संसारको पाहुना हुनुहुन्छ भनी बताउनुभयो ।

त्यही बेला मेरो परीक्षा नजिक आइसकेको थियो र परीक्षा सुरु हुने क्रममा म दिनभरी बुबासँगै हुन्थ्यो र रातभरी पढाई गरी भोलिपल्ट परीक्षा दिन जान्थे । यसरी समय बित्दै गयो तर एकदिन त सबै मर्नुपर्छ, मेरो परीक्षा नसकिदै बुबा बित्नुभयो । त्यसैले मैले बीचमै परीक्षा नदिने विचार गरे तर एक मनले होइन दिनुपर्छ, बुबाको इच्छा जुन उहाँले हामीलाई हौसला र उत्साह दिनुभएकोलाई त्याग्नु हुन्न भनी मैले आफ्नो मनलाई धैर्य गरी पूरा लगनका साथ परीक्षा दिए ।

यो माथिको मेरो जीवनमा भएको तीतो घटना हो र ममा जुन धैर्यता र लगन फेरी आउन यही परियत्ति शिक्षाले प्रदान गरेको योगदान हो ।

यसप्रकार परियत्ति शिक्षा पढेर जति मैले धैर्य गर्न सके, अघि बढ्न सकें आशा छ कि



अ. वण्णवती, धर्मकीर्ति विहार

भावी जीवनको हरेक परिस्थितिमा पनि यसरी नै अघि बढ्नका लागि त्यस्तै हौसला प्राप्त हुनेछ ।

**४) परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनुभएको छ ?**

परियत्ति शिक्षाले भित्री मनोबल शक्ति प्रदान गर्छ र आध्यात्मिक शान्ति प्रदान गरेर मनलाई जुनसुकै समस्या आउँदा पनि त्यो सबै समाधान गर्न सक्ने क्षमता प्रदान गर्छ । त्यस्तै गरी परियत्ति शिक्षाले नैतिक शिक्षा दिन्छ, नैतिकता विहीन मान्छेले जतिसुकै पढेता पनि उसले आफूले आफ्नो भविष्य सपार्न सक्दैन । कुनै न कुनै बेला नैतिकहिनताले गर्दा धोका पाउँछ तर सरकारी शिक्षाले त्यस्तो नैतिक शिक्षा दिदैन । यसले भौतिक सुखसुविधा प्राप्त गर्नको लागि मात्र बाटो देखाउँछ । हामीलाई भौतिक सुख पनि चाहिन्छ । त्यसैले परियत्ति शिक्षाको साथसाथै सरकारी शिक्षालाई पनि हामीले जोड दिनुपर्छ । परियत्ति र सरकारी दुबै शिक्षा हाम्रो सफल जीवनको लागि नभई हुँदैन ।

भगवान बुद्धले भन्नुभएको छ, **"वत्तं अपरिपुरेन्तो सीलं नपरिपूरति" अर्थात "कर्तव्य पालन नभएसम्म शील पालन हुँदैन ।"** परियत्ति शिक्षा त्यस्तो शिक्षा हो । जसले व्यक्तिमा कर्तव्य बोध गराउँछ । हामी अहिले पनि देख्न सक्छौं कि परियत्ति शिक्षा नपढेको व्यक्ति आकाश पाताल झै फरक हुन्छ । परियत्तिले कर्तव्यको बोध गराई व्यवहारमा उतार्न प्रेरणा दिई व्यक्तिलाई नैतिकवान बनाउँछ । त्यसैले आज व्यक्ति, परिवार, समाज र देशमा अशान्ति हुनुमा कर्तव्य धर्म, शील धर्म पूरा नभएर हो र कर्तव्य धर्म पूरा भएमा शान्ति प्राप्त गर्दछ । जुन परियत्ति शिक्षाले सिकाउँदछ ।

बाँकी पृष्ठ ४ मा

## नेपाल बौद्ध परियत्ति...

वि.सं. २०४५ माघ ४ गते भव्यताका साथ सम्पन्न गरेको थियो । ललितपुरमा शान्ति पद यात्रा गरी विहान उद्घाटन समारोह, अपरान्ह परियत्तिको संरक्षण, विकास एवं उत्थानका लागि विविध विषयमा छलफल गर्न गोष्ठीको आयोजना गरिएको थियो । साथै सोही अवसरमा २५ वर्ष सम्मका उपलब्धिहरूलाई दस्तावेजीकरण गर्न रजत स्मारिका पनि प्रकाशन गरिएको थियो । रजत वर्षसम्ममा परियत्ति कोविद सम्म विस्तार, ९ जिल्लामा २५ केन्द्रहरूमा विस्तार, करिब ५००० विद्यार्थीहरूलाई अध्यापन, १३ सद्धम्म कोविद र ६२ सद्धम्म पालक उपाधिधारी व्यक्तिहरूको उत्पादन प्रमुख उपलब्धि रहेका छन् ।

. स्थापनाकालदेखि ५० वर्ष सम्मको इतिहासमा नेपाल बौद्ध परियत्ति शिक्षाले नियमित अध्ययन, अध्यापन र परीक्षा सञ्चालनको अलावा विभिन्न उल्लेख्य गतिविधिहरू सञ्चालन गरेका छन् । ती मध्ये परियत्ति सन्निपात, परियत्ति धम्मकप, परियत्ति सभा तथा गोष्ठी, परियत्ति बुलेटिन प्रकाशन, परियत्ति केन्द्रको अनुगमन तथा मूल्यांकन, आदि प्रमुख रहेका छन् ।

५० वर्ष पुगेको अवसरमा नेपाल बौद्ध परियत्ति शिक्षाले आफ्नो स्वर्ण महोत्सव वर्ष भरी मनाउने निर्णय गरी १५१ सदस्यीय मूल समारोह समिति गठन गरेको छ । भिक्षु ज्ञानपूर्णिक महास्थविरको अध्यक्षतामा गठित उक्त मूल समारोह समिति र त्यस अन्तर्गत रहेका विभिन्न उपसमितिहरूको सांगठनिक ढाँचा निम्न बमोजिम रहेको छ:




स्वर्ण महोत्सवको उद्घाटन परियत्तिको मुहान रहेको सुगतपुर विहार, त्रिशुलीमा भएको थियो । २०७० असार १ गते चतु परिषद्सहित परियत्तिप्रेमीहरूको त्रिशुली गई बुद्धको पवित्र अस्थिधातुको नगर परिक्रमा गराई बाजागाजा र झाँकीसहित बृहत् शान्ति पदयात्राको आयोजना गरिएको थियो । श्रीलंकाका महामहिम राजदूत श्री डब्लू ई सेनेभिरतनको प्रमुख आतिथ्यतामा उद्घाटन सत्र पनि सम्पन्न भएको थियो । उद्घाटन कार्यक्रम पछि वर्ष भरी विभिन्न गतिविधिहरू सञ्चालन गरी स्वर्ण महोत्सव मनाउने क्रममा शिक्षक शिक्षिकाहरूलाई विशेष प्रशिक्षण कार्यक्रम, प्रथम कोविद भेला, नि:शुल्क स्वास्थ्य शिविर, बौद्ध वक्तृत्वकला कार्यक्रम, विभिन्न स्थानमा परियत्ति जागरण एवं ध्यान शिविर, परियत्ति विशारद् गोष्ठि, धम्मपद वाचन कार्यक्रम, परियत्ति संरक्षण संवर्द्धन गोष्ठी लगायतका कार्यक्रमहरू सम्पन्न भइसकेका छन् ।

नेपालमा बुद्धशासनको उन्नतिमा योगदान पुऱ्याउने, नेपालीहरूमा बाल्यकालदेखि शील, समाधि र प्रज्ञाको विकास गर्ने र व्यवस्थित रुपमा पालि त्रिपिटक वांगमयको अध्ययन गर्ने उद्देश्यका साथ पाँच दशक अघि शुरु भएको परियत्ति शिक्षाको यात्रामा थुप्रै उपलब्धि हासिल भएता पनि धेरै कार्यहरू गर्न बाँकी नै छन् । सरकारीस्तरबाट वा विश्वविद्यालयबाट मान्यता प्राप्ती गर्ने कार्य बाँकी नै छ । आर्थिक भौतिक श्रोतहरूलाई उचित परिचालन गरी व्यवस्थापनलाई चुस्त, दुरुस्त बनाउने कार्यमा पनि धेरै काम बाँकी छ । पाठ्यपुस्तकहरूको सहज उपलब्धि र नेपाली लगायत अन्य भाषाहरूमा पुस्तकहरू अनुवाद गर्ने कार्य पनि धेरै बाँकी छ । प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै अहिले सामना गरिरहनु परेका चुनौतीहरूलाई छिचोल्दै अघि बढ्न सद्धर्मप्रेमी सम्पूर्ण भिक्षु, अनागारिका, उपासक, उपासिकाहरूको सहयोग र सद्भाव विगतमा जस्तै भविष्यमा पनि रही नै रहने अपेक्षा राख्दछौं । ♦

## पालि भाषाको ....

**५) परियत्ति शिक्षालाई सरकारी शिक्षा मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?**

परियत्ति शिक्षाले वर्तमान अवस्थामा स्वर्ण जयन्ति मनाइरहेको छ । स्थापना कालदेखि हाल वर्तमान अवस्थासम्म कति कठिनाइ र संघर्ष गरी यस २१ औं शताब्दिमा पनि यस शिक्षाको प्रगतितिर लम्किरहेको छ । तर सरकारी मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज भने कम छ तर आवाज नै नउठेको पनि होइन । तर अहिले सरकारी मान्यताको लागि जुन पहल भैरहेको छ, आशा गरौं कि त्यो पहल सफल हुनेछ ।

**६) तपाईले यस परियत्ति शिक्षामा के कस्तो कमजोरी पाउनुभयो ?**

परियत्ति शिक्षा आफ्नो प्रगतिको बाटोतर्फ अघि बढिरहेको छ तरपनि आफूले देखेको र भोगेको छु । त्यसैले परियत्ति शिक्षामा देखेको केही कमजोरीहरू :

- पाठ्य सामग्रीको उचित परिमार्जनसहित पाठ्यपुस्तक उपलब्धीमा कठिनाई ।
- नेपाल भाषाका पुस्तक जसले गर्दा नेपाल भाषा नबुझ्नेलाई नेपाल भाषाका किताब पढी परिक्षा दिनमा कठिनाई
- शिक्षक शिक्षिकाको कमी (पालि सम्बन्धी)
- दुर्गम ठाउँमा पनि परियत्ति शिक्षा पुग्न सके अझ राम्रो हुने थियो ।

**७) यी कमजोरीहरूलाई कुन रूपमा समाधान र सुधार गर्न सकिन्छ जस्तो लाग्छ ?**

परियत्ति शिक्षामा देखिएका कमीकमजोरीहरूमा सर्वप्रथम पाठ्यपुस्तकको उचित रुपमा उपलब्ध गराईदिनुभए राम्रो हुन्थ्यो । परियत्ति शिक्षाको सानो अर्थात कक्षा १ देखि ६ सम्मको कक्षामा शिक्षकसहित पढाई भए जस्तै कोविदहरूको लागि पनि छुट्टै कक्षाको व्यवस्था भए, कोविद अन्तिम वर्षसम्म पढ्न सुलभ हुन्थ्यो र संख्यात्मक रुपमा पनि बृद्धि हुन्थ्यो । त्यस्तै गरी बुद्धकालीन पालि भाषालाई अनिवार्य रुपमा पढ्नुपर्ने गरी पाठ्यक्रममा समावेश गरे जस्तै यस विषयमा अध्यापन गराउने शिक्षकहरू पनि उपलब्ध भए अझ राम्रो हुने थियो । पालि विषय गाह्रो विषय भएकोले गर्दा यस विषयको कक्षा सञ्चालन भए सुनमा सुगन्ध नै हुने थियो ।

**८) कोविद पछिको भावी योजना के छ ?**

कोविद पछिको भावी योजनामा यसभन्दा पनि अझ बढी बुद्ध शिक्षाको अध्ययन गर्नुका साथै व्यापक रुपमा प्रचारप्रसार गर्ने योजना राखेकी छु । ♦

# परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठीको प्रतिवेदन

रश्मी राजकर्णिकार

**पृष्ठभूमि**

नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सवको उपलक्षमा मिति २०७० चैत्र १५ देखि १६ गते सम्म डि.ए.भि. स्कूलको बुद्ध हल, जावलाखेलमा दुई दिने "परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठी" को आयोजना गरिएको थियो । परियत्ति गोष्ठी उपसमितिको आयोजनामा भएको उक्त गोष्ठी, विशेषत परियत्ति शिक्षालाई समयसापेक्ष, र परिवर्तित परिस्थिति अनुरुप अघि बढाउनको लागि रणनीति तय गर्ने एउटा प्रयासको रुपमा लिन सकिन्छ ।

नेपाल बौद्ध महिला संघले परियत्ति शिक्षाको संरचना र नीतिगत परिवर्तनका विषयमा बृहत गोष्ठी आयोजना गरेको यो दोस्रो पटक हो । १३ वर्ष अघि पनि संघले राजधानीमा परियत्ति शिक्षा बारे बृहत गोष्ठी आयोजना गरेर परियत्ति शिक्षाको सांगठनिक रुपरेखा परिवर्तन, पाठ्यक्रम परिवर्तन गर्न सशक्त भूमिका निर्वाह गरेको थियो ।

**कार्यक्रमको उद्देश्य**

यस परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठीको मुख्य उद्देश्य परियत्ति शिक्षाको विकासको लागि आवश्यक रणनीति तय गर्नु रहेको थियो । यो प्रतिवेदन उक्त गोष्ठी संचालनको प्रक्रिया तथा प्रस्तुत विषयवस्तुहरुको Documentation र उपलब्धीको टिपोटलाई एकिकृत गरी तयार गरिएको छ ।

**गोष्ठी कार्यक्रम संचालन**

परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठी मिति २०७० चैत्र १५ – १६ गते सम्म बिहान ९:०० बजे देखि बेलुकी ४:०० बजे सम्म संचालन भएको थियो । उद्‌घाटन सत्र, प्राविधिक सत्र (कार्यपत्र प्रस्तुति), समूहगत छलफल तथा समापन सत्रहरुमा विभाजन गरिएको यस दुई दिने गोष्ठीमा करिब ४०० जना महानुभावहरुको सहभागिता रहेको थियो ।

## पहिलो दिन

**कार्यक्रम शुभारम्भ**

कार्यकमको शुभारम्भ औपचारिक रुपमा आसन ग्रहणबाट भएको थियो । आसन ग्रहणको क्रममा सर्वप्रथम सभापति नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष, नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सव मूल समिति, २०७० का अध्यक्ष, उपसंघ नायक अग्गमहापण्डित डा. ज्ञानपूर्णिक महास्थविरलाई आसन ग्रहण गराईएको थियो । तत् पश्चात गोष्ठीका प्रमुख अतिथि माननिय शिक्षामन्त्री श्री चित्रलेखा यादव लगायत निम्न व्यक्तिहरु तथा अन्य सहभागीहरुलाई आसन ग्रहण गराईएको थियो ।

आसन ग्रहण पश्चात कार्यक्रमको शुरुवात् शील प्राथनाबाट भएको थियो । भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा सहभागीहरुलाई शील प्रदान गरिएको थियो ।

तत् पश्चात परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठीका संयोजिका डा. केशरीलक्ष्मी मानन्धरले कार्यकमका सबै सहभागीहरूलाई स्वागत गर्नु भएको थियो । उक्त अवसरमा गोष्ठीका संयोजिकाले गोष्ठीको उद्देश्य र औचित्य बारे प्र कास पार्नु भएको थियो ।

मूल कार्यक्रमको उद्‌घाटन गोष्ठीका प्रमुख अतिथि माननिय शिक्षामन्त्री श्री चित्रलेखा यादवले पानसमा बाली गर्नु भएको थियो । उद्‌घाटन मन्तव्य दिने क्रममा मन्त्री यादवले बुद्ध जन्मभूमी नेपालमा बुद्ध सम्बन्धी अध्ययन गराउने पहिलो औपचारिक परियत्ति शिक्षालाई मानिसहरुलाई आध्यात्मिक चेतना जगाउने, शान्तिपूर्ण बाँच्न सिकाउने शिक्षाका रुपमा स्थापित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेपाल बौद्ध महिला संघका अध्यक्ष डा. केशरीलक्ष्मी मानन्धरले परियत्ति शिक्षालाई समयसापेक्ष, परिवर्तित परिस्थिति अनुरुप अघि बढाउनको लागि रणनीति तय गर्न गोष्ठी आयोजना गरेको बताउनुभयो । अध्यक्ष डा. मानन्धरले परियत्ति शिक्षालाई समुदायमा शान्ति स्थापना र सकारात्मक परिवर्तनको लागि अझ गतिशील, व्यापक र प्रभावकारी बनाउन गोष्ठीले मार्गनिर्देश गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले हाल त्रिभुवन विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयमा बुद्ध शिक्षा विषयमा स्नातक र स्नातकोत्तर अध्ययन भईरहेको अवस्थामा यस शिक्षालाई राज्यको मूल प्रवाहमा ल्याउन सरकार समक्ष माग गर्नुभयो ।

परियत्ति स्वर्ण जयन्ती मूल समारोह समितिका सचिव भिक्षु निग्रोधले परियत्ति शिक्षा मानिसहरुलाई नैतिक, आध्यात्मिक, बौद्धिक विकास,समाज र राष्ट्र प्रति जिम्मेवार, कर्मठ बनाउने परिकल्पनाले शुरु भएको जनाउँदै यसले हजारौंलाई नैतिक र मूल्य र मान्यतायुक्त जीवन जीउँन प्रेरित गरेको जानकारी दिनुभयो । उहाँले परियत्ति शिक्षालाई आगामी दश वर्षसम्ममा ७५ जिल्लामा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । हाल काठमाडौं उपत्यका लगायत ३० जिल्लाका विभिन्न विहार, विद्यालयमा सो शिक्षा कक्षा १ देखि १० सम्म पढाउँदै आएको छ । हालसम्म ४० हजारले सो शिक्षा हासिल गरिसकेका छन् ।

समारोहमा अखिल नेपाल भिक्षुमहासंघका महासचिव एवं लुम्बिनी विकास कोषका कार्यकारिणी सदस्य भिक्षु कोण्डन्यले परियत्ति शिक्षा वर्तमान अवस्थालाई समालोचनात्मक तरिकाले अध्ययन गरी यसलाई समयसापेक्ष रुपमा अघि बढाउनुपर्ने खाँचो औल्याउनु भयो । उहाँले परियति शिक्षाको संरचनालाई समावेशी बनाउनुपर्नेमा पनि जोड दिनुभयो ।

उद्‌घाटन मन्तव्य राख्ने क्रममा लुम्बिनी विश्वविद्यालयका निवर्तमान उप–कुलपति प्रा. डा. त्रिरत्न मानन्धरले भिक्षु बुद्धघोष र उहाँले गर्नु भएको परियत्ति शिक्षाको विकास गर्न गरेको प्रयासको सम्झना गर्दै परियत्ति शिक्षालाई पचास वर्षसम्म पनि निरन्तरता दिन सकेकोमा हार्दिक बधाई ज्ञापन गर्नुभयो । लुम्बिनी विश्वविद्यालयको सम्बन्धन प्राप्त गर्न विश्वविद्यालयको आधारभूत आवश्यकता पुरा गर्नुपर्ने जानकारी गराउनु भयो । परियत्ति शिक्षा एक व्यवहारिक शिक्षा हो यसलाई विश्वविद्यालयको सम्बन्धन प्राप्तीको लागि शिक्षालाई स्तरीय बनाउन आवश्यक भएको पनि जानकारी गराउनु भयो । साथै उहाँले नेपालमा प्रचलित परम्परागत बौद्ध शिक्षाहरु : गुम्बा शिक्षा, परियत्ति शिक्षा, र बज्रयान शिक्षालाई Monastic Education को रुपमा लुम्बिनी विश्वविद्यालयले सम्बन्धन उपलब्ध गराउने प्रक्रियाको थालनी भएको कुराको पनि जानकारी गराउनु भयो ।

समारोहमा नेपालका लागि श्रीलंकाका राजदूत डब्लुए सिनेभी रत्ने, नेपालका लागि थाईल्याण्डका राजदूत मिथुंङ्ग ककुल, लगायतले बौद्ध परियत्ति शिक्षा नेपालमा दिगो शान्ति स्थापनामा अहम् भूमिका निर्वाह गरेको चर्चा गर्दै आ–आफ्नो धारणा राख्नुभयो ।

परियत्ति शिक्षालयका शिक्षाध्यक्ष एवंम संघउपनायक डा.भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतिको आसनबाट उद्‌घाटन मन्तव्य राख्ने क्रममा यस गोष्ठीबाट फलदायी परिणाम निकाल्ने अपेक्षा गर्नु भएको थियो । तत् पश्चात वहाँले पुण्यानुमोदन गरी गोष्ठीको उद्‌घाटन सत्र सम्पन्न भएको घोषणा गर्नु भयो ।

**प्राविधिक सत्र (कार्यपत्र प्रस्तुति)**

गोष्ठीको प्रविधिक सत्रमा परियत्ति शिक्षाको ऐतिहासिक पृष्ठभूमिको पुनरावलोकन गर्दै शिक्षाको गुणस्तर, समग्र व्यवस्थापन र भावी कार्यदिशामा छलफल गरिएको थियो । गोष्ठीमा बौद्ध विदुषीद्वय प्राज्ञ रीना तुलाधर, अमिता धाख्वा, अनागारिका ञाणवती, अनागारिका अग्गञाणी, विवेक डंगोल, बौद्ध विद्वानहरु त्रिरत्न मानन्धर र मोनिस बज्राचार्यले निम्न विषयहरुमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रहरुको संक्षिप्त विवरण तल दिइएको

छ ।

| | कार्यपत्रको विषय | कार्यपत्र प्रस्तोता |
|---|---|---|
| १. | परियत्तिको ऐतिहासिक पृष्ठभूमि | मोनिस बज्राचार्य |
| २. | केन्द्रको गतिविधि र कोविद परिचालन | अमिता धाख्वा |
| ३. | प्रशिक्षण तालिमको प्रभाव | अनागारिका ञाणवती |
| ४. | परियत्ति ध्यान शिविर | अनागारिका अग्गञाणी |
| ५. | बाल ध्यान शिविर | विवेक डंगोल |
| ६. | परियत्ति जागरण | त्रिरत्न मानन्धर |
| ७. | परियत्ति विशारद | रीना तुलाधर |
| ८. | परियत्ति– Opening Distance Learning | डा. सुमनकमल तुलाधर |

परियत्ति केन्द्रको गतिविधि र कोविद परिचालन

प्राविधिक सत्रको दोस्रो कार्यपत्र "परियत्ति केन्द्रको गतिविधि र कोविद परिचालन" विषयमा श्री अमिता धाख्वाले प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यपत्रको प्रस्तुति दुई प्रमुख विषयहरु परियत्ति केन्द्रको गतिविधि र कोविद परिचालनमा केन्द्रित रहेको थियो । कार्यपत्र प्रस्तुतिको क्रममा श्री धाख्वाले भगवान बुद्धको जन्मभूमि नेपालमा बुद्धले बताउनु भएको सद्धर्मको शिक्षालाई जनमानसमा व्यापक प्रचार प्रसार गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखि श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरको विशेष प्रयासमा अनागारिका सुशीला र उपासक धर्मरत्न शाक्य "त्रिशुली को सहयोगमा वि.सं. २०१९ सालमा त्रिशुलीको सुगतपुर विहारमा शुरुवात भएको जानकारी गराउनु भयो । त्यस्तै, परियत्ति शिक्षालाइ अखिल नेपाल भिक्षु महासंघको वि.सं. २०२० बैशाख ५ गते विहीबार बसेको बैठकले "नेपाल बौद्ध परियत्ति शिक्षाको नामाकरण गरी स्थापना गरेको थियो । अखिल नेपाल भिक्षु महासंघको अध्यक्ष्य श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविरको ६४ औ जन्मोत्सबको अवसरमा अक्षयतृतीयाको दिनमा बिधिवतरुपमा उद्‌घाटन भई भिक्षु महासंघव्दारा बु.सं. २५०७ को बुद्ध जयन्तीको पवित्र दिन नेपाल अधिराज्यका निम्न स्थानहरुमा ८ वटा विभिन्न केन्द्रहरुमा एकैसाथ कक्षा सञ्चालन गरिएको पनि जानकारी गराउनु भयो । त्रिशुली नुवाकोट, प्रणीधिपूर्ण विहार, ललितपुरशाक्यसिंह विहार, ललितपुर, गण महाविहार, काठमाडौं, श्री सुमंगल विहार, ललितपुर, आनन्द कुटी विद्यापीठ, काठमाडौं, शाक्यमुनि विहार, भोजपुरआनन्द विहार, पाल्पा

कोविद परिचालन सम्बन्धी श्री धाख्वाले नेपाल बौद्ध परियत्ति शिक्षाको उच्च शिक्षा सद्धम्म कोविद उतीर्ण भएका कोविद उपाधि प्राप्त गरेका कोविद उपाधिधारीहरुको संख्या २०४५ सालमा रजत महोत्सव सम्ममा जम्मा १३ जना मात्र रहेकोमा २०६९/७० सम्ममा ९६ जना पुगेको बताउनु भयो ।

## प्रशिक्षण तालिमको प्रभाव

अनागारिका ञाणवतीले "प्रशिक्षण तालिमको प्रभाव" विषयक कार्यपत्र शुरुवात शिक्षक शिक्षिका शिक्षण समितिको उद्देश्यबाट गर्नुभएको थियो । अनागारिका ञाणवतीले यस समितिको उद्देश्य निम्न अनुसार रहेको कुराको जानकारी गराउनु भयो ।

क. परियत्ति शिक्षा अध्यापनको लागि तालिम संचालन गर्नु;

ख. परियत्ति केन्द्रहरुमा अवलोकन गर्नु; र

ग. परियत्ति सद्धम्मपालक देखि कोविद सम्मको कक्षा संचालन गर्नु ।

अनागारिका ञाणवतीले २०५९ भाद्रदेखि हाल सम्म शिक्षक शिक्षिका शिक्षण समितिले संचालन गरेको तालिहरुको विवरण बारे जानकारी गराउनु भएको थियो । त्यस बाहेक शिक्षक शिक्षिका शिक्षण समितिको भावी योजना निम्न अनुसार रहेको पनि जानकारी गराउनु भएको थियो ।

क. नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण जयन्तीको उपलक्षमा परियत्ति जागरण समितिले जुन जुन स्थानबाट तालिमका माग ल्याउछ, ती क्षेत्रमा गई तालिम संचालन गर्ने;

ख. क्षेत्रीय रुपमा विभिन्न विद्यालयका प्रिन्सिपलहरु र शिक्षकहरु भेला गराई परियत्ति अभिमुखिकरण कार्यक्रम संचालन गर्ने; र

ग. विभिन्न परियत्ति केन्द्रका शिक्षक शिक्षिकाहरुको विवरण केन्द्रीय स्तरमा अध्यावधिक गरी राख्ने ।

## परियत्ति ध्यान शिविर

प्राविधिक सत्रको कार्यपत्र प्रस्तुतिको क्रममा अनागारिका अग्गञाणीले "परियत्ति ध्यान शिविर" विषयमा प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । आफ्नो प्रस्तुति शुरुमा ध्यानको महत्व बारे निम्न सैद्धान्तिक पक्ष बारे जानकारी गराउनु भएको थियो ।

• प्रत्येक व्यक्तिले सुख शान्तिको चाहना गरे तापनि सहि बाटो पहिल्याउन नसक्दा दुःख र अशान्ति भोग्नु पर्ने हुन्छ । साँचै नै सुख शान्ति प्राप्त गर्ने हो भने हामीले आफ्नो मनलाई समन गर्न जान्नु पर्छ, दमन गर्न सिक्नु पर्दछ ।

• मन एकदम चञ्चल छ, अस्थिर छ भन्ने कुरा सर्वविदितै छ। भावना भनेको हाम्रो यो चञ्चल मनलाई एकाग्र गर्ने, स्थिर गर्ने, आफनो अधिनमा राख्ने, संयम गर्ने एवं चित्त शुद्ध गर्ने प्रक्रिया हो । भावना आध्यात्मिक सुख शान्तिको निमित्त गर्ने साधना हो । वास्तविक सुख शान्ति भनेको आन्तरिक शान्ति हो ,जुन चित्तको निर्मलता, शुद्धतामा हुन्छ । चित्तमा जबसम्म नराम्रा प्रवृत्ति राग, द्वेष, मोह, इर्ष्या, मात्सर्य आदि रहेका हुन्छन्, तबसम्म सुख, शान्तिको चाहना गरे तापनि सुख शान्ति अनुभव गर्न सकिदैन ।

तत् पश्चात, अनागारिका अग्गञाणीले ने. बौ. परियत्ति स्वर्ण महोत्सवको उपलक्ष्यमा सम्पन्न निम्न ध्यान शिविरहरु संचालन भई जम्मा ८११ जना साधकहरु लाभान्वित भएको जानकारी गराउनु भयो ।

| | |
|---|---|
| १. दश दिवशीय सतिपट्ठान विपस्सना ध्यान शिविर | १ वटा |
| २ एक दिवशीय सतिपट्ठान विपस्सना ध्यान शिविर | ४ वटा |
| ३. एक दिवशीय बाल ध्यान शिविर | ८ वटा |

आफ्नो कार्यपत्र प्रस्तुतिको अन्तमा अनागारिका अग्गञाणीले परियत्ति शिक्षामा ध्यान अभ्यासलाई निरन्तरता दिन निम्न सुझावहरु समेत दिनु भएको थियो ।

• सद्धमपालक र कोविदका विभिन्न तहमा पनि ध्यान अभ्यासलाई समावेश गर्नु पर्ने ।

• एक दिवशीय बाल ध्यान शिविर विभिन्न परियत्ति केन्द्र र स्कूलहरुमा व्यापक रुपमा संचालन गर्नु पर्ने ।

• बाल ध्यान शिविर एक पटक मात्र संचालन नभई बरोबर गर्न सकेमा ध्यानको प्रभावले बाल बालिकाहरुको आचरणमा राम्रो प्रभाव पर्दछ ।

• परियत्ति पढाउने शिक्षक/शिक्षिकाहरुलाई पनि ध्यान अभ्यास गराउन सकेमा बाल ध्यान शिविरलाई स्कूल, परियत्ति केन्द्रमा व्यापक रुपमा लैजान सकिन्छ ।

## बाल ध्यान शिविर

श्री विवेक डंगोलले "बाल ध्यान शिविर" विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । श्री डंगोलले बालकहरुलाई धम्मको विजारापण गर्ने उद्देश्यले एक दिने आनापाना शिविरहरु संचालन हुने गरेको जानकारी गराउनु भयो । वहाँले उक्त शिविरहरुमा विषेशत निम्न तरिकाबाट ध्यानको अध्यास गराउने गरेको पनि जानकारी गराउनु भयो ।

- Learning and practicing sheela as a basis for samadhi.
- Learning and practicing samadhi using Anapana meditation.
- Learning and practicing metta bhavana.

त्यसबाहेक २–३ दिने शिविरहरु विपस्सना केन्द्रमा निम्न अनुसारका उमेर समूहका बालबालिकाहरुको लागि बाल ध्यान शिविरहरु संचालन हुने गरेको पनि जानकारी गराउनु भयो ।

- 8-12 years boys and girls mixed group.
- 13-18 years boys group.
- 13 -18 years girls group.

**परियत्ति विशारद**

नेपालमा परियत्ति शिक्षाको उन्नति बृद्धिका लागि तथा परियत्ति शिक्षालाई औपचारिक मान्यता दिलाउने सिलसिलामा विज्ञहरुको सुझाव संकलनको एउटा प्रयासको रुपमा परियत्ति विशारद गोष्ठी सम्पन्न भएको जानकारी श्री रीना तुलाधरले परियत्ति विशारद सम्बन्धी कार्यपत्र प्रस्तुतिको क्रममा जानकारी दिनु भयो। उक्त अवसरमा श्री तुलाधरले सम्पन्न गोष्ठीको उद्देश्य निम्न अनुसार रहेको पनि जानकारी गराउनु भयो ।

- परियत्ति शिक्षालाई लुम्बिनी विश्वविद्यालयबाट Monastic Education को रुपमा सम्बन्धन प्राप्त गर्न छलफल गर्ने;
- सम्बन्धन प्राप्तीको लागि पाठ्यक्रम परिमार्जन गर्न छलफल गर्ने; र
- सम्बन्धन प्राप्तीको लागि कार्ययोजना तय गर्ने ।

| | गोष्ठीमा प्रस्तुत कार्यपत्र | कार्यपत्र प्रस्तोता |
|---|---|---|
| १. | नेपाल बौद्ध परियत्ति शिक्षा पाठ्यक्रम | श्री अमिता धाख्वा |
| २. | Curriculum of Master of Arts in Buddhism | भिक्षु धर्मगुप्त |
| ३. | श्रीलंकामा बौद्ध शिक्षा प्रणाली: एक अध्ययन | भिक्षु पञ्ञारतन |
| ४. | The Monastic Education in Thailand | भिक्षु सुजनकीति |
| ५. | म्यानमारमा बौद्ध शिक्षा प्रणाली | दर्शना गुरुमा |

त्यस बाहेक श्री तुलाधरले गेष्ठीमा निम्न जम्मा पाँचवटा कार्यपत्रहरु प्रस्तुत गरी छलफल गरिएको कुरा प्रस्तुत गर्नु भयो ।

आफ्नो प्रस्तुतिको अन्तमा श्री तुलाधरले परियत्ति विशारद गोष्ठीको समीक्षा गर्दै शिक्षाको विकासको लागि निम्न अनुसारको भावी कार्यक्रहरु तय भई सोाको कार्यान्वयनको लागि भिक्षु धर्ममूर्तिको संयोजकत्वमा भिक्षु भिक्षुणी, उपासक उपासिकाहरुको सहभागितामा १० सदस्य भएको कार्यदलको गठन भएको कुरा जानकारी गराउनु भयो ।

- बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिमार्जन गरी लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्ने ।
- Monastic Education र Academic Education गरी शिक्षा प्रणालीलाई दुई धारमा अगाडी बढाउने ।
- सुझाव सहित विशारद एम.ए. को पाठ्यक्रम परिमार्जन गरी लुम्बिनी बौद्ध विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्ने ।

## परियत्ति – **Opening Distance Learning**

गोष्ठीको अन्तिम कार्यपत्र डा. सुमनकमल तुलाधरले प्रस्तुत गर्नु भएको थियो । परियत्ति – Opening Distance Learning विषयमा कार्यपत्र प्रस्तुतिको क्रममा डा. तुलाधरले परियत्ति शिक्षा Distance Learning को रुपमा निम्न कारणले गर्दा आवश्यक भएको कुरन औल्याउनु भयो ।

**Why Expand Baudha Pariyati?**

- Scientific Proof of Importance of Buddhist Education Globally;
- Not to "Re-invent the Wheel"; and
- Global Village Concept and Scattered Population

यस बाहेक डा. सुमनकमल तुलाधरले Opening Distance Learning लाई अझ प्रष्ट पार्न निम्न विषयहरुमा विस्तृत व्याख्या पनि गर्नु भएको थियो ।

- What Kind of Baudha Pariyati for 21st Century?;
- Importance of ODL in context of Nepal;
- Modes of Learning;
- Material Development;
- Expertise Required; and
- Expected Outcomes

नेपालमा Opening Distance Learning को महत्व बारे जानकारी दिने क्रममा डा. तुलाधरले भौतिक रुपमा भौगोलिक रुपमा बौद्ध शिक्षा हासिल गर्न असक्षम व्यक्तिहरुको लागि बैकल्पिक बौद्ध शिक्षाको रुपमा परियत्ति Opening Distance Learning एक अवसरको रुपमा रहेको छ । यसमा उमेर र औपचारिक शिक्षाको कुनै सिमा नरहेको पनि जानकारी गराउने भयो । त्यसैले Open and Distance Learning (ODL) लाई "University Without Walls" को philosophy बाट प्रेरित मान्न सकिन्छ । यसमा निम्न तीन तत्वहरु हुन नितान्त आवश्यक हुन्छ भन्नु भयो ।

1. Activity Based Course Materials;
2. Infra-structure for Distance Learning;
3. Monitoring and Participatory Evaluation

कार्यपत्र प्रस्तुतिको अन्तमा डा. तुलाधरले ODL बाट रु हासिल हुने अपेक्षा समेत गर्नु भयो ।

- Grade 1 to 10 ODL, alternative system established
- Interactive quality materials developed
- Result-based monitoring system for ODL developed

**सामुहिक छलफलको लागि समूह गठन तथा टोली नेता छनौट**

"परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठी" दोस्रो दिनको समूहकार्यको लागि परियत्ति शिक्षा कार्यक्रमको विद्यमान वातावरणीय अवस्था पहिल्याउन सहभागीहरुको समूहगत छलफल लागि समूह गठन तथा टोली नेता छनौट गरिएको थियो । यस प्रयोजनको लागि परियत्ति शिक्षा कार्यक्रमका पाँच विशेष मुद्दाहरु:

१. परियत्ति शिक्षाको विस्तार र विकास;

२. आर्थिक केन्द्र विस्तार;

३. शिक्षक उत्पादन, परिचालन र व्यवस्थापन;

४. सचिवालय व्यवस्थापन; र

५. परियत्ति अनुसन्धान तथा अन्वेषन

श्री सुष्मा बज्राचार्यले समूह कार्यको सहजिकरणको भूमिका निर्वाह गर्नु भएको थियो । श्री बज्राचार्यले समूहकार्यको Brainstorming Exercise को लागि समूह विभाजन, र समूहको नेतृत्व छनौट गर्न सहभागीहरुलाई सहजिकरण गर्नु भएको थियो । श्री बज्राचार्यले समूहका सदस्यहरुलाई समूह कार्यको नियमहरु बुझाउनुका साथै समूहगत छलफलको निचोड प्रस्तुत गर्ने जिम्मा निम्न टोली नेतालाई दिएको थियो ।

| समूह | विषयगत मुद्दा | टोली नेता |
|---|---|---|
| १. | परियत्ति शिक्षाको विस्तार र विकास | श्री शाक्य सुरेन |
| २. | आर्थिक केन्द्र विस्तार | श्री संजिव शाक्य |
| ३. | शिक्षक उत्पादन, परिचालन र व्यवस्थापन | श्री सुशिला शाक्य |
| ४. | सचिवालय व्यवस्थापन | श्री विनोद पासवान |
| ५. | परियत्ति अनुसन्धान तथा अन्वेषन | अनागारिका अनुपमा |

तत् पश्चात पहिलो दिनको सभा विसर्जन गरिएको थियो ।

दोस्रो दिन

**समूहगत छलफल र प्रस्तुति**

"परियत्ति संरक्षण सम्बर्द्धन गोष्ठी" दोस्रो दिन परियत्ति शिक्षा कार्यक्रमको

बाँकी पृष्ठ १५ मा

# परियत्ति गतिविधिहरू

## परियत्तिको ५० औं दिक्षान्त सम्पन्न

२०६९ चैत्र २९ गते । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष एवं अग्गमहपण्डित श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा र मित्र राष्ट्र श्रीलंकाका महामहिम राजदूत W.M. Senevirathna को प्रमुख आतिथ्यमा बु.सं. २५५६ को ५० औं दिक्षान्त तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

पञ्चशील प्रार्थनाबाट शुरु भएको कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु धर्ममूर्तिले स्वागत मन्तव्य दिनुएको थियो भने सविता धाख्वाले परियत्तिको महत्वको विषयमा बोल्नुभएको थियो । भिक्षु ज्ञानपूर्णिकबाट परियत्ति प्रतिज्ञा गरी प्रमुख अतिथि तथा दाताहरूबाट बोर्ड प्राप्त विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

## ज्ञानकीर्ति विहार परियत्ति केन्द्रमा पुरस्कार वितरण सम्पन्न

२०७० वैशाख १४ गते । नयाँ बजारस्थित ज्ञानकीर्ति विहारमा बु.सं. २५५६ को नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

प्रमुख अतिथि नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले शील प्रदान गरी कार्यक्रम शुरु भएको थियो । केन्द्राध्यक्ष नानीमैया मानन्धरले स्वागत गर्नुभएको उक्त समारोहमा परियत्ति विद्यार्थीहरूको नेतृत्व गर्दै दुर्गा रेग्मीले परियत्ति शिक्षा सैद्धान्तिक मात्र नभई व्यवहारमा पनि लागू गर्नुपर्छ र यसलाई सबैले जोड दिनुपर्छ भन्दै आफ्नो अनुभव व्यक्त गर्नुभयो ।

परीक्षामा कक्षा ३ बाट बोर्ड द्वितीय प्राप्त मैया डंगोल लगायत सम्पूर्ण उत्तीर्ण विद्यार्थीहरूलाई प्रमुख अतिथि भिक्षु बोधिज्ञानको हातबाट पुरस्कार वितरण भएको थियो । साथै वहाँले "परियत्ति र प्रतिपत्ति एक अर्कासँग छुट्न नहुने कुरा व्यक्त गर्दै परियत्ति शिक्षा व्यवहारिक शिक्षा हो" भन्ने धारणासहित आफ्नो मन्तव्य व्यक्त गर्नुभयो । कार्यक्रमको अन्त: पुण्यानुमोदनबाट भयो भने कार्यक्रम सुशील मानन्धरले संचालन गर्नुभएको थियो ।

## मनमैजु ध्यानकुटी विहारमा परियत्ति पुरस्कार वितरण कार्यक्रम सम्पन्न

२०७० जेठ २५ गते । लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति डा. त्रिरत्न मानन्धरको प्रमुख आतिथ्य तथा नेपाल बौद्ध परियत्ति शिक्षाका परिक्षा नियन्त्रक भिक्षु बोधिज्ञानको सभापतित्वमा मनमैजु ध्यानकुटी विहार परियत्ति केन्द्रमा उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा पुस्तकाय उद्घाटन कार्यक्रम सम्पन्न भएको छ ।

पञ्चशील प्रार्थनाबाट शुरु भएको कार्यक्रममा केन्द्राध्यक्ष भिक्षु जनकले स्वागत मन्तव्य दिनुभएको थियो । उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार दिने क्रममा प्रमुख अतिथि डा. त्रिरत्न मानन्धरले केवल औपचारिक शिक्षा मात्र नभई नैतिक शिक्षा पनि अत्यन्त आवश्यक बताउनुभयो । परियत्ति शिक्षाको शुरुवात मनमैजुका निम्ति अत्यन्त सकारात्मक भएको बताउनुभयो ।

परियत्ति शिक्षाको महत्वको विषयमा बोल्ने क्रममा भिक्षु बोधिज्ञानले परियत्ति शिक्षालाई व्यवहारिकताका उतार्नु पर्ने तथा यसको अभ्यासका निम्ति विपस्सनाको पनि अभ्यास गर्नुपर्ने कुरामा जोड दिनुका साथै ५ मिनेट ध्यान पनि राख्नुभएको थियो ।

मनमैजु ध्यानकुटी विहारका अध्यक्ष कान्छाभाई ज्यापूले धन्यवाद ज्ञापन गर्नुभएको थियो । विहारका संस्थापिका सानुमयजु महर्जनले उत्तीर्ण विद्यार्थीहरूलाई बुद्ध मूर्ति प्रदान गर्नुभएको थियो ।

## सुगन्ध विहारलाई पुस्तक र शैक्षिक सामाग्री वितरण

२९ भाद्र, तानसेन । आनन्द विहार परियत्ति केन्द्र, तानसेनबाट रिडी बजार अवस्थित सुगन्ध विहारमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापनाको स्वर्ण महोत्सवको उपलक्ष्यमा एक धार्मिक कार्यक्रम आयोजना गरी बौद्ध परियत्ति पुस्तक तथा सामाग्री वितरण गरिएको छ ।

सुगन्ध विहारका अध्यक्ष श्रीमती भुवनमाया याँछ्येको अध्यक्षतामा सञ्चालित सो कार्यक्रमको शुभारम्भमा श्रीलंका मोनाष्ट्री, लुम्बिनीका विहार अधिपति भिक्षु राजकीय पण्डित के.प्रियदस्सी महाथेरोबाट पंचशील प्रदान र अन्तर्राष्ट्रिय परियत्ति उदय विहार, शंकरनगर, रुपन्देहीका का.वा. अधिपति भिक्षु प्रज्ञानन्द स्थविरबाट बुद्ध वन्दना सहित बुद्ध पूजा गराइए पश्चात श्रीलंका बुद्धिष्ट एकेडेमी, लुम्बिनीका प्राचार्य भिक्षु अशोक स्थविरबाट सारगर्भित धर्मदेशना भएको थियो । तत्पश्चात आनन्द विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्री देवेन्द्रमान शाक्यले सो केन्द्रका तर्फबाट प्रमुख अतिथी श्रीलंका मोनाष्ट्री, लुम्बिनीका विहार अधिपति भिक्षु राजकीय पण्डित के.प्रियदस्सी महाथेरो मार्फत सुगन्ध विहार परियत्ति केन्द्रका लागि सो केन्द्रका केन्द्राध्यक्ष श्री सुवर्णलाल कक्षपतिलाई परियत्ति पुस्तक तथा शैक्षिक सामाग्री प्रदान गर्नुभएको थियो । त्यस्तैगरी ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष श्री रत्नमान बज्राचार्यले सुगन्ध विहारका लागि केही बौद्ध पुस्तक र पत्रिकाहरू श्रद्धेय भिक्षु मार्फत उक्त विहारका अध्यक्ष श्रीमती भुवनमाया याँछ्येलाई प्रदान गर्नुभएको थियो । कार्यक्रममा एशियाली विकास बैंकमा कार्यरत श्रीलंकाली बौद्ध उपासक महाचार्य प्रियन्त विजयतुङ्ग लगायत रिडी बजारका बौद्ध उपासकउपासिकाहरू लगायत परियत्ति शिक्षार्थीहरूको उल्लेख्य उपस्थिती रहेको थियो ।

सुगन्ध विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्री सुवर्णलाल कक्षपतिबाट कार्यक्रमको संचालनका साथसाथै स्वागत मन्तव्यसहित विहारका गतिविधी माथि प्रकाश पारिएको उक्त कार्यक्रममा श्री जीवन कसजूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## वालिङ्गमा परियत्ति पुस्तक र शैक्षिक सामाग्री वितरण

५ आश्विन, तानसेन । अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापनाको स्वर्ण महोत्सवको उपलक्ष्यमा वालिङ्ग बजारमा आयोजित धार्मिक कार्यक्रममा नेपाल मगर बौद्ध समाज, वालिङ्गलाई आनन्द विहार परियत्ति केन्द्र, तानसेनबाट बौद्ध परियत्ति पुस्तक तथा सामाग्री वितरण गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथी श्रीलंका बुद्धिष्ट एकेडेमी, लुम्बिनीका प्राचार्य भिक्षु अशोक स्थविरबाट दीप प्रज्वलनका साथै सारगर्भित धर्मदेशना भएको थियो । सो अवसरमा प्रमुख अतिथीबाट परियत्ति शिक्षाका विद्यार्थीहरूलाई परियत्ति पुस्तक तथा शैक्षिक सामाग्रीहरू समेत प्रदान गरीएको थियो ।

आनन्द विहार परियत्ति केन्द्र, तानसेनका सदस्य श्री बल बहादुर गाहा एवं श्री सर्जुलाल बज्राचार्यको व्यवस्थापनमा आयोजित सो कार्यक्रममा नेपाल मगर बौद्ध समाज, वालिङ्गका अध्यक्ष श्री हर्ष बहादुर

थापाले स्वागत गर्नु भए पश्चात आनन्द विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्री देवेन्द्रमान शाक्यले परियत्ति शिक्षाबारे जानकारी गराउनु भएको थियो भने ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष श्री रत्नमान बज्राचार्यले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा प्रज्ञाशान्ति बौद्ध विहार निर्माणार्थ उपासिका श्रीमती गोमा गाहा मगरबाट आर्थिक सहयोग समेत प्रदान गरीएको थियो ।

नेपाल मगर बौद्ध समाज, वालिङ्गका सचिव श्री धन बहादुर गाहाबाट धन्यवाद ज्ञापन गरि पछि पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

## आनन्द विहार परियत्ति केन्द्रमा 'धम्मपद र मंगलसूत्र पाठ' प्रतियोगितात्मक कार्यक्रम सम्पन्न

वि.सं. २०७० श्रावण २६ गते शनिवार । नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण महोत्सवको उपलक्ष्यमा आनन्द विहार परियत्ति केन्द्रले "धम्मपद र मंगलसूत्र पाठ" प्रतियोगितात्मक कार्यक्रमको आयोजना गऱ्यो । केन्द्राध्यक्ष श्री देवेन्द्रमान शाक्यको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा भिक्षु अशोक स्थविर प्रमुख निर्णायक रहनुभएको थियो भने शुश्री सुमना शाक्यले पनि निर्णायकको भूमिका निभाउनु भएको थियो । पञ्चशील ग्रहण पछि प्रारम्भ भएको उक्त कार्यक्रममा सर्वप्रथम केन्द्राध्यक्ष श्री देवेन्द्रमान शाक्यले कार्यक्रममा उपस्थित सम्पूर्णलाई स्वागत गर्दै नेपाल बौद्ध परियत्ति शिक्षा तथा आनन्द विहार परियत्ति केन्द्रको परिचय दिनुभएको थियो । साथै प्रतियोगित्मक कार्यक्रमको उद्देश्य पनि बताउनु भएको थियो । त्यस पश्चात भिक्षु अशोक स्थविरले प्रतियोगीहरूलाई निर्देशन दिनु भएको थियो ।

प्रतियोगिता मंगल सूत्र पाठ तथा धम्मपद पाठ गरी २ समूहमा विभाजित गरी सम्पन्न गरिएको थियो । मंगल सूत्र पाठमा कक्षा १ देखि कक्षा ५ सम्मका निम्न ११ जना परियत्ति विद्यार्थीहरूले भाग लिएका थिए । यस्तै गरी धम्मपद पाठमा कक्षा ३ देखि कक्षा ७ सम्मका निम्न ७ जना विद्यार्थीहरूले भाग लिएका थिए ।

